स्थानीय सरकार
Local Government
पथरी शनिश्चरे नगरपालिका
Pathari Shanishchare Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
पथरी, मोरङ, कोशी प्रदेश, नेपाल
Pathari, Morang, Koshi Province, Nepal

प.सं.:२०८३।०८४
च.नं.:

मितिः २०८३।०७।०९
ने.सं.: ११४६

विषयः रसुवा भोटेकोशी बाढीमा बेपत्ता व्यक्तिको विवरण पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना।
(सूचना प्रकाशित मितिः २०८३।०७।०९)

प्रस्तुत विषयमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको निर्णय तथा जिल्ला प्रशासन कार्यालय, मोरङको च.नं. ३४३२ मिति २०८३।०६।२७ गतेको पत्रअनुसार माग भई आएबमोजिम रसुवा भोटेकोशी बाढीमा बेपत्ता व्यक्तिहरुको आधिकारिक विवरण यकिन गर्ने प्रयोजनका लागि तपशिलका व्यक्तिहरुले उल्लेखित कागजातहरु संलग्न राखि यस सूचना प्रकाशित भएको मितिले ५ दिन (मिति २०८३।०७।१४ गते) भित्र सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्नुहुन अनुरोध छ।

तपशिलः

१. बेपत्ता भएका व्यक्तिको एकाघरका परिवारका सदस्यले बेपत्ता व्यक्तिको नामथर, ठेगाना, उमेर खुल्ने सरकारी कागजात वा पहिचान खुल्ने अन्य कागजात, निज बेपत्ता व्यक्तिसँग नाता प्रमाणित हुने कागजात र सोही बाढीमा बेपत्ता भएको हो भन्ने स्वघोषणा सहितको विवरण।
२. बेपत्ता भएका व्यक्तिको एकाघर परिवारका सदस्य नभएकाको हकमा सम्बन्धित वडा अध्यक्षले वडा सचिव र स्थानीय प्रहरीको रोहबरमा सोही बाढीबाट बेपत्ता भएको यकिन गरी सर्जमिन मुचुल्कासहित विवरण वडा कार्यालयमा पेश गर्ने।

राधाकृष्ण खतिवडा
प्रमुख प्रशासकीय अधिकृत